२०७४ साल फागुन २० गते मंगलवारका दिन ९.०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ४, पोखरामा बसेको मन्त्रिपरिषद्को बैठकको उपस्थिति तथा निर्णय—

१. प्रदेश नं ४ को मुख्य न्यायाधिवक्ता पदमा अधिवक्ता श्री राजेन्द्र घिमिरेलाई नियुक्ति गर्ने निर्णयको लागि सिफारिश गरियो।

२. माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा बस्ने बैठकमा आमन्त्रीत विज्ञलाई टिकट अनुसार यातायात खर्च र दैनिक भत्ता रु.२५००।– माननीय मन्त्रीज्यूको एवं प्रमुख सचिवज्यूको अध्यक्षतामा बस्ने बैठकमा बैठक भत्ता रु.२०००।- दिने । सचिवहरुको अध्यक्षतामा बस्ने बैठकमा सहभागीहरुलाई प्रति बैठक रु १५००।– दिने तथा सहभागी बाहेक सहयोगी कर्मचारी बढीमा २ जनालाई सोही अनुसारको बैठक भत्ता दिने निर्णय गरियो।

३. प्रदेश सरकार भर्खर गठन भएको, प्रदेश कानून/ऐन नियमहरु बनिनसकेको र आवश्यक ऐन नियमहरु बनाउन, आवधिक योजना समेत बनाउन स्वदेशी विज्ञहरु क्रमशः सूचना प्रविधी विज्ञ, कानून विज्ञ, सार्वजनिक खर्च व्यवस्थापन विज्ञ, सार्वजनिक सुशासन विज्ञ, बजेट तथा योजना तर्जुमा विज्ञहरु उपलब्ध गराईदिन नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट पेश भएको मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७४ को मस्यौदा तयार गर्न सैद्धान्तिक स्वीकृति दिने निर्णय गरियो।

५. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट पेश भएको जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न गर्न बनेको बिधेयक, २०७४ को मस्यौदा तयार गर्न सैद्धान्तिक स्वीकृति दिने निर्णय गरियो।

६. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट पेश भएको प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न गर्न बनेको बिधेयक, २०७४ को मस्यौदा तयार गर्न सैद्धान्तिक स्वीकृति दिने निर्णय गरियो।

७. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट पेश भएको प्रदेश राजपत्रको ढाँचा स्वीकृत गरी हाललाई मन्त्रालयको वेभसाइटमा राख्ने निर्णय गरियो।

८. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट पेश भएको प्रदेश नं ४ आर्थिक कार्यविधि विधेयक, २०७४ को मस्यौदा तयार गर्न सैद्धान्तिक स्वीकृति दिने निर्णय गरियो।

९. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट पेश भएको प्रदेश सार्वजनिक खरिद विधेयक, २०७४ को मस्यौदा तयार गर्न सैद्धान्तिक स्वीकृति दिने निर्णय गरियो।

१० मध्यपहाडी लोकमार्ग निर्माणको क्रममा लमजुङ जिल्लाको सुन्दर बजार लगायतका क्षेत्रमा देखिएको विवाद अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन दिन माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रामशरण बस्नेत संयोजक र माननीय भुमि व्यवस्था, कृषि र सहकारी मन्त्री लेख बहादुर थापा मगर सदस्य रहेको समिति गठन गर्ने। उक्त समितिमा सदस्य सचिवको रुपमा भौतिक पुर्वाधार विकास मन्त्रालयका सचिव श्री भरतप्रसाद अर्याललाई तोक्ने निर्णय गरियो।

११ गोरखा जिल्लाको भीमसेन र धार्चे गाउँपालिकाको केन्द्र सार्ने विषयमा देखिएको विवाद अध्ययन गरी समाधानका लागि १५ दिनभित्र प्रतिवेदन पेश गर्न माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमान संयोजक र माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रामशरण बस्नेत सदस्य रहेको समिति गठन गर्ने। उक्त समितिमा सदस्य सचिवको रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव श्री फणिन्द्रमणि पोखरेललाई तोक्ने निर्णय गरियो।